# सुरक्षाको लागि साथसाथ (TOGETHER FOR PROTECTION) परियोजना

(अक्टोबर २०२० - सेप्टेम्बर २०२३)

Gift of the United States Government

ECPAT Luxembourg नेपालमा कार्यरत एउटा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था हो । यस संस्थाको मुख्यालय लग्जम्बर्गमा अवस्थित छ। यस संस्थाले सन् २००८ देखि नेपालमा बिभिन्न गैर-सरकारी संस्थाहरुको सहकार्यमा  मानव बेचबिखन र व्यवसायिक यौन शोषण विरुद्ध बिभिन्न परियोजनाहरु संचालन गर्दै आएको छ।

यसै क्रममा नेपाल सरकारलाई, संस्थागत रूपमा जोखिममा परेका बालबालिका तथा मानव बेचबिखनको जटिल जोखिमहरूलाई सम्बोधन गर्न र सहयोग पुऱ्याउन, ECPAT Luxembourg ले संयुक्त राज्य अमेरिकाको विदेश बिभाग अन्तर्गतको मानब बेचबिखनको नियन्त्रण र अनुगमन कार्यालयको सहयोगमा नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अर्न्तगतको बाल अधिकार परिषद्सँगको संयुक्त सहकार्यमा बाल अधिकारको सुनिश्चितताको लागि तीन वर्षीय **(आश्विन २०७७ - भाद्र २०८०)** परियोजना आरम्भ गरेको छ।



## "सुरक्षाको लागि साथसाथ" परियोजनाको संक्षिप्त परिचय



मानव बेचबिखन तथा ओसारपोसार एक विश्वव्यापी समस्या हो । यो आधारभुत मानव अधिकारको गम्भीर उल्लंङ्घन हो । नेपालमा पनि मानव बेचबिखन तथा ओसारपसार हिंसाको एक प्रमुख स्वरुपको रुपमा रहेको छ र यसलाई मानवता विरुद्धको अपराधको रुपमा लिइन्छ।

विश्वव्यापी रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसारको समस्या नेपालको लागि प्रमुख चुनौतिको रुपमा रही आएको छ। विगतमा नेपालबाट महिलाहरुको यौन शोषणको उद्देश्यले गन्तव्य राष्ट्र भारत र विश्वका अन्य देशहरुमा बेचबिखन र ओसारपसार गर्ने गरिएता पनि हालको समयमा बालबालिकाहरुको बेचबिखन तथा ओसार पोसारको कार्य देशभित्रै पनि भईरहेको बिभिन्न प्रतिवेदनहरुले देखाएको छ।



संयुक्त राज्य अमेरिकाको २०१७ को मानव बेचबिखन विरूद्धको प्रतिवेदन (TIP Report) अनुसार, मुख्यतः दर्ता नगरिएका र न्यूनतम मापदण्ड पुरा नगरी ऐन विपरित स्थापित बाल गृहहरुमा बस्ने बालबालिकाहरूले पारिवारिक हेरचाह नपाउने भएकोले बेचबिखनको जोखिममा रहेको हुन्छन् । पर्यटक र स्वयंसेवकहरूबाट चन्दा संकलन गर्नका लागि बालबालिकाको ओसारपसार गर्ने व्यक्तिले अभिभावकहरूलाई झुटो आस्वासनमा पारी बालबालिकालाई बाल गृहमा पुऱ्याउने र अन्तमा यी बालबालिकाहरुलाई बाबुआमा बिहिन बनाउन बाध्य गर्ने गरेको पाइन्छ। साथै विपद्को बेला जस्तैः २०१५को शक्तिशाली भूकम्प वा हाल चलिरहेको विश्वव्यापी कोभिड-१९को महामारीको बेलामा, बेचबिखन तथा बालबालिका शोषणको जोखिम झन् उच्च हुने गरेको पाइन्छ।



## नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७७ को अनुसार, हाल नेपालमा

**४८९**
बाल गृहहरू दर्ता भई सञ्चालनमा रहेका

**११,३५०**
बालबालिकाहरू संरक्षित रहेका

**७४%**
बालगृहहरू प्रमुख पर्यटन गन्तव्य क्षेत्रहरूमा रहेका

नेपाल सरकारले बालबालिका सम्बन्धी कानून, नीति, संस्थागत संरचना लगायतका कार्यक्रमको विषयमा उल्लेखनीय सुधार गर्दै आएको छ। सन् २०२० मा, नेपालले पालेर्मो प्रोटोकल (Palermo Protocol 2000) अनुमोदन गर्दै मानव बेचबिखनलाई सम्बोधन गर्ने सवालमा उल्लेखनीय कदम चालेको छ । साथै नेपाल सरकारले बालबालिकाको सुरक्षा र संरक्षणका लागि प्रभावकारी बनाउन बाल गृहहरूलाई एक अस्थायी र अन्तिम विकल्पको रुपमा मात्र जोड दिँदै आइरहेको छ । नेपालमा संघीयतापछि, मानव बेचबिखन न्यूनीकरणको लागि प्रदेश र स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहेको छ र यी तहहरूमा सरकारले एकीकृत संयन्त्र तथा संरचनाहरू गठनको प्रक्रिया शुरूवात गरिसकेको छ।

**Palermo Protocol**
to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children

एक्प्याट लक्जम्बर्ग (ECPAT Luxembourg) ले नेपालमा बालगृहहरूमा बालबालिकाको संभावित बेचबिखन तथा ओसारपसारको जोखिम न्यूनीकरण तथा बालबालिकाको लागि बालमैत्री वातावरण सुनिश्चित गर्ने लक्ष्यका साथ "**सुरक्षाको लागि साथसाथ**" परियोजना सुरुवात गरेको छ। साथै यस परियोजनाले बाल गृहबाट हुन सक्ने संभावित मानव बेचबिखनको जोखिम न्यूनीकरण तथा बेचबिखनबाट प्रभावित बालबालिकाको बृहत सेवाहरू सुनिश्चित गर्नका लागि प्रदेश र स्थानीय तहमा सरकारी संयन्त्र र संरचनाहरूलाई सुदृढीकरण गर्ने लक्ष्य समेत लिएको छ।

सो लक्ष्य प्राप्तिका लागि ECPAT Luxembourg ले दुई साझेदार संस्था, शक्ति समूह र सेलंड (Center for Legal Research and Resource Development) सँग समन्वय गरी शुरुवात गरिरहेको छ।

**कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)** राष्ट्रिय स्तरमा कार्यरत एक गैर सरकारी संस्था हो । बि.सं. २०५५ (१९९८) मा स्थापित यो संस्था आफ्नो स्थापना काल देखि नै मानवअधिकारको रक्षा, कानुनी शासनको स्थापना र सबैका लागि न्यायमा पहुँच स्थापना गर्नका लागि कार्यरत रहेको छ।

**शक्ति समूह** मानवबेचविखन प्रभावित महिलाहरुद्धारा स्थापित तथा संचालित विश्वको पहिलो संस्था हो । यस संस्थाले स्थापनाकाल सन् १९९६ देखि नै मानव वेचविखन विरुद्धमा कार्य गरिरहेको छ । यसै सिलसिलामा शक्ति समूहले मानब वेचविखन विरुद्धको अभियान संचालन गर्ने क्रममा रोकथाम, संरक्षण, जिविको पार्जन, क्षमता अभिवृद्धिको सवालमा केन्द्रित रहेर कार्य गरिरहेको छ।

# परियोजनाका मुख्य उद्देश्यहरू

### उद्देश्य १

मानव बेचबिखनका सवालको सम्बोधन तथा न्यूनीकरण गर्नका लागि नीतिगत ढाचा र संरक्षण सम्यन्त्र निर्माणका लागि सहजिकरण गर्ने

### उद्देश्य २

बेचबिखनबाट प्रभावित बालबालिकालाई सेवा प्रवाह गर्नका लागि तालिम तथा जनचेतनाका माध्यमबाट राज्यका सरोकारवाला निकाय (संघ, प्रदेश र स्थानीय तह) र सेवाप्रदायकहरुको क्षमता अभिबृद्धि गर्ने

### उद्देश्य ३

बाल गृहभित्र मानव बेचबिखनमा पर्ने सम्भावना भएका तथा जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका बालबालिकालाई संरक्षण र उपयुक्त सहायता प्रदान गर्ने सहयोग गर्ने

## यो परियोजना नेपालका ३ प्रदेश र ११ जिल्लाका २० पालिकाहरूमा केन्द्रित छन्




## यी कार्य क्षेत्रहरू २ मापदण्डमा आधारित

१. बालगृहहरु धैरै रहेको क्षेत्र र

२. मानव बेचबिखनको उच्चतम जोखिममा रहेका जनसंख्या

## लक्षित लाभग्राहीहरू

सम्भावित मानव बेचविखनबाट प्रभावित र सम्भावित बेचबिखनको जोखिममा रहेका बालबालिका र उनीहरूको परिवार

तीनै तहका सरकारी निकायहरु

बालगृहहरु

पर्यटनसँग सम्बद्ध निकायहरू

## परियोजनाको मुख्य गतिविधिहरू

१ बालगृहमा सम्भावित जोखिममा रहेका र मानव बेचबिखनमा परेका बालबालिकाको संरक्षण र सुरक्षाका लागि नेपाल सरकारको तीन वटै तहमा नीति, नियम र निर्देशिकाहरू बनाउन वा संसोधन गर्न सहजिकरण गर्ने ।

२ प्रभावित र जोखिममा परेका बालबालिकाको संरक्षणका लागि समुदायमा उत्तरदायीपूर्ण संयन्त्रको निर्माण गर्न सहजीकरण गर्ने ।

३ मानव बेचबिखनका प्रभावितहरू र तिनका परिवारलाई प्रत्यक्ष र पर्याप्त सहायता र सुरक्षा प्रदान गर्ने ।

४ अनलाईन तथ्याङ्क व्यवस्थापनको स्थापना र सुदृढीकरणमा सहयोग गर्ने ।

**आउनुहोस्,**
**हाम्रा बालबालिकाको सुरक्षा गर्न**
**र मानव बेचबिखन विरूद्धको लडाई**
**लड्नमा हामी सबै हातेमालो गरौं।**


थप जानकारीका लागिः

**ECPAT LUXEMBOURG**
South Asia Regional Office
Baluwatar, Kathmandu, Nepal
01-4430864
www.ecpat.lu

**CENTER FOR LEGAL RESEARCH AND RESOURCE DEVELOPMENT**
Lakhechaur Marg
New Baneshwor, Kathmandu, Nepal
01-2042268

**SHAKTI SAMUHA**
Chuchchepati
Kathmandu, Nepal
01-4478117